# नयाँ कोरोना भ्याक्सिन खोप लगाउने बारेमा सूचना

भ्याक्सिन (नि:शुल्क) सित्तैमा लगाउन पाईन्छ।




## ज्येष्ठ नागरिक (65 वर्ष भन्दा माथि) लाई धमाधम खोप दिन सुरु भएको छ।

वडाले अहिलेसम्म सामूहिक फैलावट र गम्भीर रोग भएका वृद्धाश्रममा भर्ना हुनेहरूका लागि लक्षित गर्दै खोप दिने कार्य अगाडि बढाईरहेको छ। हाल, 65 वर्ष भन्दा माथिका सबैजनालाई खोपको टिकट पठाउने तयारी सम्पन्न भईसकेको छ।

※ओताकुमा आफ्नो नाम दर्ता भएका ज्येष्ठ नागरिकलाई (स्योउवा 32साल अप्रिल 1तारिख भन्दा अघि जन्मिएका व्यक्तिहरु) लक्षित गरिएको छ।

### 1 खोपको कुपन आउने छ। (मे महिनाको 21 तारिख सम्ममा आउने छ)

सुन्तला रङ्गको खाममा आउने छ।




10-अङ्कको खोपको कुपन नम्बर रिसर्भेसन गर्ने बेला आवश्यक हुन्छ।




▲खोपको कुपन (कुपन)

**थप रूपमा, एक प्रारम्भिक मेडिकल चेकअप पाना, खोप दिइने स्थानहरूको सूची र खोपको बारेमा विस्तृत जानकारी पनि पठाईन्छ।**

### 2 समय रिसर्भेसन गर्ने

**सामूहिक खोपहरू मे 21तारिख(शुक्रबार)र व्यक्तिगत खोप जुन 1तारिख (मंगलबार) बाट क्रमिक रूपमा रिसर्भेसन स्वीकार गरिनेछ। खोप दिइने स्थानहरू र रिसर्भेसनका बारेमा जानकारी प्राप्त गर्नका लागि कृपया यस पृष्ठको पछाडिको भागमा हेर्नुहोस्।**

इन्टरनेटबाट रिसर्भेसन गर्ने रिसर्भेसन गर्ने तरिका
https://v-yoyaku.jp/131113-ota

▲रिसर्भेसन यहाँ

टेलिफोनद्वारा रिसर्भेसन ओताकु नयाँ कोरोना भ्याक्सिन खोप कल सेन्टर

**☎03－6629－6342**

बिहान 8:30 बाट साँझ 5:15 सम्म (आइतबार, सरकारी बिदा बाहेक)

**★ओताकु नयाँ कोरोना भ्याक्सिन खोप बहुभाषी व्याख्या सेवा**

**☎03－6436－4731**

**※मुख्य कार्यालय भवन, क्षेत्रीय का कार्यालयहरूमा रिसर्भेसन स्वीकृत हुँदैन।**
**र्यालय भवनहरू वा वडाको विशेष शाखा**

यद्यपि सुरूमा रिसर्भेसन गर्न गाह्रो हुने सम्भावना भएतापनि जूनको अन्त्यसम्म 65 वर्ष माथि उमेरका सबैलाई पर्याप्त भ्याक्सिन आपूर्ति गर्न सक्षम हुने आशा गरिएको छ। गम्भीर रोगको उच्च जोखिममा पर्ने 75 वर्ष भन्दा माथिका व्यक्तिहरुले सक्दो चाँडै रिसर्भेसन गर्नुहोला।

### 3 खोप लगाउने दिन

**तल उल्लेखित निम्न तिन चिजहरु लिएर आउनुहोस्**

- ☑खोपको कुपन
- ☑रम्भिक मेडिकल चेकअप पाना भर्नुहोस् (कृपया खोप लगाउने दिन घरमा तापक्रम मापन गर्नुहोस्)
- ☑व्यक्तिगत परिचय पत्र (जाइर्यू कार्ड, गाडीको इजाजतपत्र, स्वास्थ्य बीमा कार्ड, आदि )

**※माथिल्लो पाखुरामा सुई दिइने भएकोले सजिलै काँध निकाल्न मिल्ने लुगा लगाएर आउनुहोला।**

पहिलो खोप लगाएको 3 हप्तापछि दोस्रो खोप लगाउनुहोस्।

**भ्याक्सिन अन्तर्गत ताजा जानकारी, वडाको वेबसाइटमा राखिएको छ।**

**सोधपुछ गर्न परेमा ओताकु नयाँ कोरोना भ्याक्सिन खोप कल सेन्टर ☎6629－6342 FAX 5744－1574**

●नयाँ कोरोना भ्याक्सिनको खोप नि: शुल्क हो। तपाईंलाई कुनै पनि पैसाको लागि सोधिने छैन।
●खोपको बारेमा कुनै शंकास्पद ई-मेललाई जवाफ नदिनुहोस्, URL नखोल्नुहोस्। शंकास्पद लागेमा, नयाँ कोरोना भ्याक्सिन घोटाला उपभोक्ता हटलाइन(सागि स्योउहिस्या हटलाइन मा (☎0120-797-188)

## रिसर्भेसन सम्बन्धि ※खोपको लागि पहिलेनै रिसर्भेसन गर्न आवश्यक

कृपया पहिलो पटक रिसर्भेसन गर्ने बेलामा (तीन हप्ताको अन्तराल पछिको दिनमा) दोश्रो पटकको रिसर्भेसन पनि गर्नुहोला।
सर्वप्रथम वडा सुविधा अन्तर्गत 〝सामूहिक खोप〞 लाई प्राथमिकता दिएर प्रारम्भ गर्न थाल्नेछौं तर तपाईंले चिकित्सा संस्थानहरूद्वारा 〝व्यक्तिगत खोप〞 का लागि धेरै रिसर्भेसन गर्न सक्नुहुनेछ। कृपया तपाईको नजिकको स्थानीय चिकित्सा संस्था वा तपाईको परिवारको चिकित्सकद्वारा दिइने खोपको अवश्य प्रयोग गर्नु होला।

### सामूहिक खोप

(9 वटा वडा सुविधा )

पहिलो पटक रिसर्भेसन सुरु हुने मिति र समय
**मे 21 गते (शुक्रबार) , बिहान 8:30**

※प्रत्येक स्थानमा खोप दिने समय बिहान 10 देखि बेलुकी 7 सम्म हो (आपुरीको (Aprico) प्रदर्शनी कक्षमा भने बिहान 8 बजेसम्म )

**सामूहिक खोपको लागि स्थानद्वारा तालिका**

| खोपको स्थान | स्थान | खोप सुरु मिति | खोप मिति ※कार्यान्वयन नहुने केहि दिनहरू पनि हुन्छन् |
|---|---|---|---|
| आपुरीको (Aprico) प्रदर्शनी कक्ष | कामाता 5-37-3 | मे 25 तारिखबाट | प्रत्यक दिन |
| इकेगामी खाईकान पश्चिम भवन | इकेगामी 1-32-8 | मे 25 तारिखबाट | मंगलबार र शुक्रबार |
| मिनेमाची स्युखाईसिचु | देनएन च्योउफू होनच्योउ 7 -1 | मे 26 तारिखबाट | सोमबार,बुधबार र बिहिबार |
| ओमोरी क्षेत्रीय कार्यालय | ओमोरी निशि 1—12—1 | जुन 1 तारिखबाट | मंगलबार, शनिबार र आइतबार |
| रोकुगोउ चिइकि चिखारा सुइसिन सेन्टर | नाकारोकुगोउ 2—44—11 | जुन 1 तारिखबाट | मंगलबार, शुक्रबार र आइतबार |
| ओता कुमिन प्लाजा व्यायामशाला | सिमोमारुको 3—1—3 | जुन 2 तारिखबाट | बुधबार र शनिबार |
| च्योउफु क्षेत्रीय कार्यालय | युकिगाया ओओचुकाच्योउ 4—6 | जुन 5 तारिखबाट | शनिबार र आइतबार |
| कामाता क्षेत्रीय कार्यालय | कामाता होनच्योउ 2—1—1 | जुन 5 तारिखबाट | जुन 5 •6•12•13 र जुलाई २२ तारिख |
| कोउजिया •हानेदा क्षेत्रीय कार्यालय | हिगासी कोउजिया 1—21—15 | जुन 6 तारिखबाट | सोमबार, शनिबार र आइतबार |

खोपको टिकट हुलाकबाट पठाएको पत्रमा उल्लेख गरिएको रिसर्भेसन तालिका परिवर्तन गरिएको छ।

सुरुमा, साप्ताहिक आधारमा रिसर्भेसन स्वीकार्ने योजना भएतापनि भ्याक्सिन आपूर्तिको मात्रा अपेक्षित भएकोले **जुलाईको अन्त्य सम्ममा रिसर्भेसन स्वीकार गरिनेछ।** (खोप लगाउनको लागि पहिलो पटक र दोश्रो पटकको रिसर्भेसन सँगै स्वीकार गरिनेछ )

### व्यक्तिगत खोप

(वार्डमा 200 भन्दा बढी चिकित्सा संस्थान)

**जुन 1 तारिख देखि, व्यवस्थापन पुरा भएका चिकित्सा संस्थानहरूद्वारा क्रमिक रिसर्भेसन स्वीकार गरिनेछ। (खोप जुन 7 तारिखपछि शुरु )**

केहि चिकित्सा संस्थानहरू (※) ले मे 21 तारिख देखि रिसर्भेसन स्वीकार गर्नेछ (खोप मे 25 तारिख पछि )
※आराई आन्तरिक चिकित्सा, न्यूरोलोजिकल क्लिनिक (हिगाशी कोउजिया), इकेगामी मिनामी आन्तरिक चिकित्सा क्लिनिक (इकेगामी), सुजुकी क्लिनिक (ओमोरी निशि), हासूनुमा क्लिनिक (निशि कामाता)

▲खोप दिने स्थानको बारेमा

**ओताकु नयाँ कोरोना भ्याक्सिन कल सेन्टर वा ओताकु रिजर्भेसन प्रणाली**मा रिसर्भेसन गर्नुहोस्। रिसर्भेसन गर्न सकिने चिकित्सा संस्थानहरूको लागि, खोपको टिकटको साथ संलग्न मेडिकल संस्थानहरूको सूची हेर्नुहोस्। 〝सामूहिक खोप〞 र 〝व्यक्तिगत खोप〞, एकभन्दा बढी चिकित्सा संस्थामा डब्बल रिसर्भेसन गर्न सम्भव छैन। सामान्य अपरेशनमा हस्तक्षेप हुने भएकोले कृपया चिकित्सा संस्थानहरूलाई सिधै सोधपुछ नगर्नु होला।

## भ्याक्सिन लगाउँदा सावधानी अपनाउनु पर्ने व्यक्ति आदि

| | |
|---|---|
| योग्य नभएका व्यक्ति | ●यदि खोप लगाउने दिनमा 37.5℃ भन्दा माथि ज्वरो छ भने<br>●रिसर्भेसन गरेको छैन ●गम्भीर रोग लागेको छ<br>●यस भ्याक्सिनको बारेमा (खोपको कुपनसँगै निर्देशनहरू हेर्नुहोस्) गम्भीर एलर्जीको प्रतिक्रिया भएको छ । |
| सावधानी अपनाउनु पर्ने व्यक्ति<br>कृपया आफ्नो डाक्टरसँग खोप लगाउँदा ठिक होला कि नहोला भनेर अग्रिम रुपमा परामर्श गर्नुहोस् | ● हाल निम्न बिरामीहरूको लागि उपचार भइरहेको छ<br>• हृदय रोग, मिर्गौला रोग, कलेजो रोग, रक्त रोग, इम्युनोडेफिशियन्सी, इत्यादिको लागि उपचार गरिरहेका व्यक्तिहरू<br>• रगत रोक्न कठिनाई वा रगतलाई चिल्लो बनाउने औषधि (एन्टिकोआगुलेन्ट) लिईराख्नु भएको<br>● निम्नलिखित लक्षणहरू छन्<br>• औषधि र खाद्य पदार्थहरूमा गम्भीर एलर्जीको लक्षणहरू<br>• क्रम्प्स (हिकिचुके) |

**खोपपछि यदि शारीरिक रुपमा कुनै समस्या आएमा सम्पर्क**

**टोकियो नयाँ कोरोना भाइरस भ्याक्सिन परामर्श केन्द्र (फुकु हान्नोउ सोदान सेन्टर)**
**☎03—6258—5802**
**(24 घण्टा उपलब्ध। शनिबार, आइतबार र छुट्टि सहित)**

## 64 वर्ष भन्दा कम उमेरका व्यक्तिका लागि तालिका

| | |
|---|---|
| **① 60~64 वर्ष उमेरका**<br>**② 16~59 वर्ष र अन्तर्निहित चिकित्सा अवस्था भएका व्यक्ति**<br>**③ 16~59 वर्ष र वृद्धहरूका लागि सुविधा दिईने संस्थामा काम गर्ने व्यक्ति** | खोपको कुपन **जुलाईको अन्तमा पठाइनेछ।** यदि तपाईं ① मा हुनुहुन्छ भने, आवेदन दिन आवश्यक पर्दैन, तर यदि तपाईं ② ③ मा हुनुहुन्छ भने तपाईंलाई प्राथमिकता अनुसार कुपन पठाईनेछ। **खोप जुलाईको अन्त्यबाट सुरू गर्न तालिकाबद्ध गरिएको छ**। खोपको कुपन आएपछि कृपया रिसर्भेसन गर्नुहोस्।<br>कृपया②③ का लागि योग्य व्यक्तिहरूको दायरा र कसरी आवेदन गर्ने भनेर विवरणहरूको लागि वडाको वेबसाइट हेर्नुहोला। ※ जुन 1तारिख, वडा बुलेटिनको मार्फत सूचित गराउनेछौं। |
| **16-59 वर्षका व्यक्ति** | खोपको कुपन पठाउने समय समायोजन गर्ने प्रक्रियामा छौं। निर्णय हुने बित्तिकै वडाको वेबसाइट मार्फत सुचित गराउने छौं। |

**〝नयाँ कोरोना भ्याक्सिन खोपका लागि मार्गनिर्देशन〞 को अडियो र ब्रेल संस्करणहरू क्षेत्रिय कार्यालय, अशक्तता कल्याण विभाग र सापोर्टोपियामा उपलब्ध छन्।**

**नयाँ कोरोना भ्याक्सिन खोपको सूचना कृपया ओताकुको होमपेज हेर्नुहोस्।**